# लम्कीचुहा नगरपालिका

# नगर विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन

# २०७७

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय
लम्कीचुहानगरपालिका
भल्का, कैलाली
सुदुरपश्चिमप्रदेश, नेपाल

CamScanner

| | |
|---|---|
| **दस्तावेज** | : नगर विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७७ लम्कीचुहा कैलाली |
| **प्रकाशक** | : लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली |
| **प्रकाशन मिति** | : २०७७ |
| **प्राविधिक सहयोग** | : युएसएआईडी तयार नेपाल परियोजना |
| **सर्वाधिकार** | : लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली |
| **सहजीकरण** | :नीतिगत निर्माण कार्यसमुह; लम्कीचुहा नगरपालिका, कैलाली |

| | | |
|---|---|---|
| संयोजक | : | विन्द्रा उपाध्याय,प्रमुख,वातावरण तथा विपद व्यवस्थापन शाखा |
| सदस्य | : | विष्णु खनाल, कानून व्यवसायी लम्की |
| सदस्य | : | रंग प्रसाद तिमिल्सैना, नेरेसो बलिया उपशाखा |
| सदस्य | : | प्रेमलाल कुश्मी, फिल्ड अधिकृत, तयार नेपाल |

CS CamScanner

# विषय–सूचि


परिच्छेद - १ प्रारम्भिक ....... १

१.संक्षिप्त नाम र प्रारम्भः ....... १

२. परिभाषाः ....... १

परिच्छेद - २ : नगर विपद् व्यवस्थापन समितिको गठन तथाकाम, कर्तव्य र अधिकार ....... ४

३. नगर विपद् व्यवस्थापन समितिः ....... ४

४. समितिको बैठक सम्बन्धी व्यवस्थाः ....... ५

५ .समितिको काम, कर्तव्य र अधिकारःसमितिको काम, कर्तव्य र अधिकारः ....... ५

परिच्छेद- ३ :वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार ....... १०

६. वडा स्तरीय विपद् व्यवस्थापन समितिः ....... १०

७. वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था : ....... ११

८. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः ....... ११

परिच्छेद - ४: सुरक्षा निकाय तथा अन्य निकायको परिचालन ....... १३

९ .सुरक्षा निकाय परिचालन, सहयोग र समन्वयः ....... १३

१०. वारुणयन्त्र, एम्बुलेन्स तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार : ....... १३

११. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः ....... १३

१२. विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने : ....... १४

परिच्छेद - ५ : विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था ....... १५

१३ .विपद् व्यवस्थापन कोष : ....... १५

परिच्छेद - ६ : कसूर तथा सजाय ....... १६

१४. कसूर र सजाय : ....... १६

परिच्छेद - ७ : विविध ....... १६

१५. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय : ....... १६

१६. नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने : ....... १६

१७. मानवीय तथा अन्य सहायता र समन्वय : ....... १६

१८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने : ....... १७

१९. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था : ....... १७

२०. विपदमा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा : ....... १८

२१. निर्देशन दिन सक्ने : ....... १८


CamScanner

२२. उपसमिति गठन गर्न सक्ने :........................................................................................................१८
२३. अभिलेख राख्नु पर्ने :..............................................................................................................१८
२४. पुरस्कार दिन सक्ने :..............................................................................................................१९
२५. वार्षिक प्रतिवेदन :...................................................................................................................१९
२६. प्रशासनिक खर्च व्यवस्थापन :..................................................................................................१९
२७. अधिकार प्रत्यायोजन :............................................................................................................१९
२८. नियम बनाउने अधिकार :.........................................................................................................१९

## लम्कीचुहानगरपालिका

## नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन–२०७७

**प्रस्तावना :**

लम्कीचुहा नगरपालिका क्षेत्रभित्र प्राकृतिक (जलवायु परिवर्तन सहित) तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उपधारा (१) र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) को अधिकार प्रयोग गरी लम्कीचुहा नगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १ प्रारम्भिक

**१.संक्षिप्तनाम र प्रारम्भ:**

(१) यस ऐनको नाम“नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन लम्कीचुहा नगरपालिकाको क्षेत्रभित्र स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)“नगरपालिका” भन्नाले लम्कीचुहा नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले लम्कीचुहा नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनु पर्छ

(ग)“संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ)“संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(ङ)“नगर प्रमुख” भन्नाले लम्कीचुहा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च) “नगर उपप्रमुख” भन्नाले लम्कीचुहा नगरकार्यपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।(छ) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ज)“कोष” भन्नाले दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(झ)“जिल्ला विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐनको दफा १६ बमोजिम कैलाली जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ)“प्रदेश विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐनको दफा १४ बमोजिम सुदुरपश्चिम प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) “प्रदेश विपद् व्यवस्थापन परिषद्” भन्नाले संघीय ऐनको दफा ४७ (क) बमोजिम प्रदेशमा गठन भएको परिषद् सम्झनु पर्छ ।

(ठ)“कार्यकारी समिति”भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ड)“राष्ट्रिय परिषद”भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(ढ)“राष्ट्रिय प्राधिकरण” भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथाव यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(ण)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लम्कीचुहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(त)“विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(थ)“प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(द)“गैर प्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुन`फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वनविनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ध)"विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिमप्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(न)"विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धीकार्य सम्झनु पर्छ ।

(प)"विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनस्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(फ)"विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(ब)"विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(भ)"व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्गमल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(म)"समिति" भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(य)"सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानूनबमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

(र)"सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी सम्झनु पर्छ ।

(ल)"तोकिएको वा तोकिएबमोजिम्" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लम्की, कैलाली सुदूरपश्चिम प्रदेश

## परिच्छेद - २ : नगर विपद् व्यवस्थापन समितिको गठन तथाकाम, कर्तव्य र अधिकार

### ३.नगर विपद् व्यवस्थापन समिति:

(१) नगरपालिकाभित्रको विपद् व्यवस्थापन सम्वन्धीकार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहायं बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | –संयोजक |
| (ख) | नगर उपप्रमुख | –सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| (घ) | वातावरण तथा विपद व्यवस्थापन विषयगत समितिका संयोजक | –सदस्य |
| (ङ) | वडा अध्यक्षहरु मध्येबाट नगर प्रमुखले मनोनीत गरेको (१ जना) | –सदस्य |
| (च) | नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधिहरु | –सदस्य |
| (छ) | नगर प्रहरी प्रमुख | –सदस्य |
| (ज) | राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि | –सदस्य |
| (झ) | नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) | –सदस्य |
| (ञ) | निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) | –सदस्य |
| (ट) | विपद व्यवस्थापनमा काम गरेको गैरसरकारी सस्थाहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको (१ जना महिला सहित) २ जना | –सदस्य |
| ठ) | स्थानिय स्तरमा उपलब्ध विपद व्यवस्थापन सम्वन्धी विज्ञ मध्ये नगर प्रमुखले मनोयन गरेको (१ जना) | –सदस्य |
| (ड) | नागरीक समाजका प्रतिनिधि (१ जना महिला सहित) २ जना | –सदस्य |
| (ढ) | नगरपालिका स्तरीय अपाङ्गता सञ्जालका प्रतिनिधी | –सदस्य |
| (ण) | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र हेर्ने गरी तोकिएको शाखा प्रमुख | –सदस्य सचिव |

## ४.समितिको बैठक सम्बन्धी व्यवस्था:

(१) समितिको बैठक वर्षको कम्तिमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(२) समितिको सदस्यसचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक वस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्को घटना घटेमा वा समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ तर संयोजकको अनुपस्थिति भएमा समितिको सदस्य एवम् नगर उप प्रमुखको अध्यक्षतामा बैठक वस्न सकिनेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत वराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) उपदफा (१) र (४) बमोजिमको बैठकमा संयोजकले आवश्यक ठानेमा समितिमा नरहेका सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र निजहरूले बैठकमा अध्यक्षको अनुमति लिएर छलफलमा भाग लिन सक्नेछन् तर त्यस्तो आमन्त्रित प्रतिनिधिलाई बैठकको निर्णय वा मतदानमा मत दिने अधिकार हुनेछैन ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## ५ .समितिको काम, कर्तव्य र अधिकार:समितिको काम, कर्तव्य र अधिकार:

(१) राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति र मापदण्डहरूको प्रतिकूल नहुने गरी नगरपालिकाको आवश्यकता अनुसार नगर विपद् व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(२) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने, गराउने,



२०७८।११।१

नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(३) नगरपालिकाबाट सञ्चालन हुने विपद् जोखिम न्यनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(४) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकासका लागि रणनीति, कार्य योजना तयार गरी लागू गर्ने, गराउने,

(५) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने ।

**(५.१) नगरपालिका क्षेत्रमा प्रकोप तथा विपद् जोखिम र प्रभाव कम गर्न देहायका कार्यहरु गर्ने :**

(क) नगरपालिकाभित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरु पहिचान गरी जलेवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न आवश्यक रणनीति, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा योजना बनाई नगर कार्यपालिकावाट स्वीकृत गराई लागु गर्ने, गराउने,

(ख) प्रकोप तथा विपद् जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थानको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने, गराउने ।

(ग) जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी नगर कार्यप्रालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(घ) सार्वजनिक पूर्वाधार सम्वन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ङ) नगर कार्यपालिकासंग समन्वय गरी नदी किनार, वगर, पहिरो जान सक्ने भिरालो जमिन र डुवान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(च) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(छ) प्रकोप तथा विपद् जोखिम न्यूनिकरण र स्थानीय स्तरमा अवलम्बन गर्न सकिने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी ज्ञान, सिप अभिबृद्धिका सामग्रीहरु निर्माण तथा सचेतनामूलक कार्यक्रमहरु बनाई सञ्चालन गर्ने, गराउने,



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(ज) सार्वजनिक, व्यक्तिगत वा व्यावसायिक भवन निर्माण गर्दा नेपालको राष्ट्रिय भवन संहिता तथा स्थानीय भवन विनियम लगायत अन्य स्वीकृत निर्देशिका, मापदण्डको पालना गर्ने, गराउने,

(झ) सार्वजनिक पूर्वाधार संरचना निर्माण तथा सेवा सञ्चालन सम्बन्धी संरचना निर्माण गर्दा संघीय सरकारबाट स्विकृत निर्देशिका वा मापदण्डको पालना गर्ने र आवश्यक भएमा थप निर्देशिका वा मापदण्ड तयार गरी लागू गर्ने, गराउने,

**नोटः पूर्वाधार संरचना भन्नाले खानेपानी, सिंचाई, सडक, विद्युत, सञ्चार, अस्पताल तथा तिनीहरूबाट उपलब्ध हुने सेवा सम्झनु पर्छ ।**

(ञ) भौतिक पूर्वाधार सम्वन्धी संरचना निर्माण गर्दा प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय असर मूल्याङ्कन गर्ने, गराउने,

(ट) सम्वन्धित निकाय र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्वन्धी विषय समावेश गरी लागू गर्ने, गराउने,

(ठ) कृषि, वन, पशु-पंक्षिपालन, उद्योग, व्यापार तथा वाणिज्य क्षेत्रमा विपद् जोखिम न्यूनिकरण योजना तर्जुमा गरी लागू गर्ने, गराउने,

(ड) विपद्को घटनामा हुने मानवीय, भौतिक तथा अन्य सम्पतिमा भएका क्षतिको मूल्याङ्कन गर्ने संयन्त्रको विकास तथा आवश्यक क्षमता विकास गर्ने, गराउने ।

**(५.२) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि देहायका कार्यहरु गर्ने :**

(क) स्थानीय विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ख) विपद्को समयमा खोज, उद्धार र राहतका कार्यहरू गर्नका लागि तत्काल परिचालन गर्न स्वयंसेवक ब्युरो गठन गर्ने,

(ग) राहत सामग्री भण्डारणका लागि आवश्यक गोदाम घर (Warehouse) निर्माण गरी सोको सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने,

(घ) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ङ) नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने, गराउने,



CamScanner

(च) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(छ) विपद्को समयमा वारुणयन्त्र, एम्वुलेन्स लगायतका अन्य उपकरणहरू तत्काल खटाउने प्रवन्ध गर्ने, गराउने ,

(ज) विपद्को समयमा आमसञ्चार माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड कार्यान्वयन गर्ने, गराउने,

(झ) आपत्कालीन अवस्थामा राहत सम्वन्धी सामग्री, सेवा र उपकरणहरू खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न नगरपालका र सम्वन्धित निकाय, प्रतिष्ठान्, व्यवसायी वा व्यक्तिहरूबिच अग्रिम करार वा अनुवन्ध करार गर्ने व्यवस्था मिलाउने,

(ञ) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, वालबालिका, किशोरी, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, घरेलु हिंसा, वेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि आवश्यक कार्यहरू गर्ने, गराउने,

(ट) आपत्कालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचार हुने व्यवस्था मिलाउने,

(ठ) विपद्को घटनावाट असर पर्न सक्ने क्षेत्रमा रहेका र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

(ड) आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग र प्रदेशसँग समन्वय गरी विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने,

(ढ) विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ण) सुरक्षा निकाय परिचालन गरी विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवातजावत नियन्त्रण गर्ने, गराउने,

(त) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,



CamScanner

(थ) स्वीकृत विधि र मापदण्ड अनुसार विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,

(द) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने, गराउने,

(ध) विपद् प्रभावित क्षेत्रमा प्रभावितहरूलाई खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरुको निर्माण गर्ने गराउने,

(प) तोकिएका अन्य काम गर्ने ।

**(५.३) पुनर्लाभ (पुनर्स्थापना र पुनर्निर्माण) का लागि देहायका कार्यहरु गर्ने :**

(क) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्ने र सम्बन्धित कार्यालयहरुलाई राख्न लगाउने,

(ख) विपद्को घटनामा भएको क्षतिको विस्तृत विवरण तयार गर्ने, गराउने,

(ग) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण गर्ने, गराउने,

(घ) क्षतिको विस्तृत मुल्याङ्कनका साथै पुनर्स्थापना तथा पुनर्निर्माणको लागि आवश्यक साधनश्रोतको मुल्याङ्कन र लागत अनुमान गर्ने, गराउने वा यस्तो कार्यमा जिल्ला वा प्रदेश विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(ङ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरु भत्काउन लगाउने,

(च) कृषि, पशु-पंक्षिपालन, वन, सिंचाई, खानेपानी, सडक, विद्युत, सञ्चार, स्वास्थ्य सेवा, उद्योग, व्यवसाय जस्ता प्राकृतिक श्रोतहरू तथा आर्थिक सामाजिक क्षेत्रका पुनर्स्थापना, पुनर्निर्माण, पुनर्लाभका लागि रणनीति, योजना तयार गरी लागू गर्ने, गराउने,

(छ) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना गर्ने, गराउने,

(झ) विपद् प्रभावित क्षेत्रमा प्रभावित समुदायहरूको आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली

(५.४) **विपद् व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्यका लागि देहायका कार्यहरु गर्ने :-**

(क) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिए बमोजिम अन्य निकायलाई पठाउने,

(ख) दफा १५ मा उल्लेख भएबमोजिम संघीय सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको प्रयोग तथा व्यवस्थापनमा सहयोग, समन्वय गर्ने र सो को अभिलेख राख्ने,

(ग) विपद् व्यवस्थापन सम्बन्धमा विपद् व्यवस्थापन राष्ट्रिय प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्लाविपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायहरूसंग आवश्यक समन्वय गर्ने,

(घ) अन्य नगरपालिका, गाउँपालिकाहरुका समितिहरूसंग आवश्यक समन्वय, सहकार्य गर्ने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

## परिच्छेद- ३ :वडा विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६.वडा विपद् व्यवस्थापन समिति:**

(१) नगरपालिकाको प्रत्येक वडामा एक वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा विपद् व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछ:

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | –संयोजक |
| (ख) | वडा सदस्यहरू | –सदस्य |
| (ग) | वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | –सदस्य |
| (घ) | राष्ट्रिय मान्यताप्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | –सदस्य |
| (ङ) | नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि | –सदस्य |
| (च) | गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम (१ जना महिला सहित) २ जना | –सदस्य |
| (छ) | सामुदायिक विपद व्यवस्थापन समिति/टोल विकास संस्था/विपद प्रभावित समुदायका प्रतिनिधि (१ जना महिला सहित) २ जना | –सदस्य |



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश

CamScanner

(ज) वडा स्तरीय अपाङ्गता सञ्जालका प्रतिनिधी −सदस्य

(ज) वडा सचिव −सदस्य सचिव

**७. वडा विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था :**

(१) समितिको बैठक वर्षको कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक वस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्को घटना घटेमा वा समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै वेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ तर संयोजकको अनुपस्थित भएमा जेष्ठ वडा सदस्यको अध्यक्षतामा बैठक वस्न सकिनेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ तर आमन्त्रित सहभागीलाई निर्णय गर्ने र मतदान गर्ने अधिकार हुने छैन ।

(१०) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**८.वडा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

(क) नगरपालिकाको स्वीकृत नीति तथा योजना अनुरुपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी नगरपालिकाको स्वीकृत निर्देशिका तथा मापदण्डहरुको पालना गर्ने, गराउने,



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(ङ) विपद् जोखिममा रहेका घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(च) नगरपालिकाले तयार गर्ने जलवायु तथा विपद् जोखिम पार्श्वचित्र तयार गर्ने कार्यमा सघाउने र सम्वन्धित वडामा सूचना संकलनको लागि व्यवस्था मिलाउने,

(छ) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्वन्धी कार्यक्रमहरु सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(ज) वडामा विकास निर्माणका क्रियाकलापहरूमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने,

(झ) सुरक्षित विद्यालय तथा अस्पताल (स्वास्थ्यचौकी सहित) का लागि विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ञ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्य योजना, पुनर्स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ट) समुदायमा विपद् व्यवस्थापन सम्वन्धी काम गर्नका लागि सामुदायिक विपद व्यवस्थापन समिति वा टोल विकास संस्थाको गठन तथा परिचालन गर्ने, गराउने,

(ठ) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत् लगायतका प्राथमिक उपचारका कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(ड) आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि विपद्को प्रकृतिको आधारमा नमूना अभ्यास गर्ने, गराउने,

(ढ) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिउपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, घरेलु हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ण) विपद् पश्चात विपद्मा परेका वा प्रभावितहरुको पहिचान गरी नगर कार्यपालिकाको निर्णय बमोजिम पुनर्लाभ (पुनर्स्थापना र पुनर्निर्माण) सम्बन्धी कार्य गर्ने, गराउने,



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

(त) नगर विपद् व्यवस्थापन समिति वा नगरपालिकाले तोकेको विपद् व्यवस्थापन सम्वन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४: सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

### ९ .सुरक्षा निकाय परिचालन, सहयोग र समन्वय:

(१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ।

### १०. वारुण यन्त्र, एम्बुलेन्स तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार:

(१) वारूण यन्त्र, एम्वुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा नगर विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुण यन्त्र वा तोकिएको सेवा प्रदायकलाई हुनेछ ।

(३) नगरपालिकाको वारुण यन्त्र सञ्चालन तथा व्यवस्थापन नगरपालिकाबाट स्वीकृत कार्यविधि (Standard Operating Procedure) र मापदण्ड अनुसार गरिनेछ ।

### ११.सार्वजनिक संस्थातथाव्यावसायिक प्रतिष्ठानको दायित्व:

(१) विपद् व्यवस्थापन सम्वन्धमा नगरपालिकाभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहायबमोजिमहुनेछ:

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनःस्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्वन्धमा आधारभूत तालिम, अभ्यास र साधन उपकरणको व्यवस्था गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवनलगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनिकरणका लागि तोकिएका कार्यहरू गर्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र नगर आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) नगरपालिकाभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

**१२. विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने :**

नगरपालिकाभित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहायबमोजिम सहयोग गर्नु पर्नेछ:

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनस्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा सहभागी हुने,

(घ) विपदको समयमा खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ङ) अन्य आवश्यक सहयोग गर्ने



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली

## परिच्छेद - ५ : विपद् व्यवस्थापन कोष सम्बन्धीव्यवस्था

**१३. विपद् व्यवस्थापन कोष :**

(१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक विपद व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) संघीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै संघ संस्था वा व्यक्तिबाट विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिएको दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) प्रचलित कानुन बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ,

(४) कोषको सञ्चालन विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि बमोजिम हुनेछ।

(५) कोषको रकमविपद् व्यवस्थापन सम्वन्धी कामका लागि मात्र प्रयोग गरिनेछ।

(६) कोषको रकम नियमित प्रशासनिक कार्य, अध्ययन वा भ्रमण, तालीम, बैठक आदिको लागि खर्च गरिने छैन तर यस उपदफामा लेखिएको व्यहोराले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तोकिएका क्षमता विकास तालीम र कृत्रिम घटना अभ्यास गर्न बाधा पुऱ्याएको मानिने छैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(८) समितिले कोषको वार्षिक आयव्ययको प्रतिवदेन तयार गरी कार्यपालिकामार्फत नगरसभा समक्ष पेश गर्नेछ।

(९) कोषको लेखापालन नगरपालिकाको लेखा हेर्ने अधिकारीबाट हुनेछ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## परिच्छेद - ६ : कसूर तथा सजाय

**१४. कसुर र सजाय :**

कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ७ : विविध

**१५. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :**

(१) नेपाल सरकारले नगरपालिकाभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपंद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिकाभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा(१)बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

**१६.नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

**१७. मानवीय तथा अन्य सहायता र समन्वय :**

(१) नगरपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्‌बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु नगरकार्यपालिकाको दायित्व हुनेछ ।

**१८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :**

(१) विशेष परिस्थिति परी विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगरकार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्‌बाट प्रभावित क्षेत्रमाखोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्‌बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्वन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

**१९. राहतको न्यूनतम मापदण्ड सम्बन्धीव्यवस्था :**

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा **राहत मापदण्ड** बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ:

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षतिहुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्वन्धी,

(ङ) न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमवाट पीडितको जीविकोपार्जन सम्वन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्वन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्वन्धी,

(ज) राहतसंग सम्बन्धित अन्य उपयुक्त विषय ।

**२०. विपद्‌मा परी हराएका वा नष्ट भएका कागजात सम्वन्धमा :**

विपद्‌मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्वन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**२१. निर्देशनदिन सक्ने :**

समितिले यस ऐनको अधीनमा रहीविपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**२२.उपसमिति गठन गर्न सक्ने :**

(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा(१)बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

**२३. अभिलेख राख्नु पर्ने :**

(१) विपद्‌को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्‌मा परेका महिला, बालवालिका तथा जेष्ठ नागरिक, विपद्‌का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नुपर्ने छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**२४. पुरस्कार दिन सक्ने :**

स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२५.वार्षिक प्रतिवेदन :**

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदनतयार गरी कार्यपालिका मार्फत नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा(१)बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

**२६. प्रशासनिक खर्च व्यवस्थापन :**

समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्वन्धित न्युनतम प्रशासनिक खर्च नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

**२७. अधिकार प्रत्यायोजन :**

यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२८. नियमबनाउने अधिकार :**

नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

...................... 2066/12/069

**प्रमाणित गर्ने**
महादेव बजगाईं
नगर प्रमुख
लम्कीचुहा नगरपालिका, भल्का, कैलाली

.............**समाप्त**...................



CamScanner